पदपूर्ति समिति

# गोदावरी नगरपालिका कार्यालय

**गोदावरी,ललितपुर**

**सूचना नम्वर १/२०७३/०७४** **प्रकाशन मिति २०७३/०८/०७**

गोदावरी नगरपालिका कार्यालय गोदावरी ललितपुरमा रिक्त रहेका तपशीलका सेवा, तह र पदहरुको बढुवा र खुला प्रतियोगीताद्धारा पद पूर्ति गर्नु पर्ने भएकोले स्थानीय स्वायत्त शासन नियम २०५६ को नियम २१३ मा ब्यबस्था भएअनुसार सम्भाब्य उम्मेदवारले यस न.पा को पदपूर्ति समितिबाट निर्धारीत दरखास्त फारममा उल्लेखित बिवरण खुलाई म्याद भित्र रितपूर्वकको दरखास्त दिन पदपूर्ति समितिको मिति २०७३/७./१२ को निर्ययानुसार यो सूचना प्रकासीत गरिएको छ ।

| सि.न | बिज्ञापन न. | सेवा, पद, तह | बढुवा | आ.प्र | खुला | समावेशी | | जम्मा पद संख्या | परीक्षा मिति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आदिबासी /जनजाती | | प्रथम पत्र | द्धितीय पत्र | |
| १ | १/२०७३/०७४ | सहायक स्तर प्रशासन सेवा पाचौ तह | १ | | | | | १ | | | |
| २ | २/२०७३/०७४ | सब इञ्जिनियर प्राबिधिक सेवा सहायक पाचौ | १ | | | | | १ | | | |
| ३ | ३/२०७३/०७४ | सहायक स्तर,प्रशासन सेवा चौथो तह | | १ | | | | १ | २०७३।१०।२१ दिनको ११ बजे | २०७३।१०।२१ दिनको १ बजे | |
| ४ | ४/२०७३/०७४ | सहायक स्तर,प्रशासन सेवा चौथो तह | | | २ | १ | १ | ४ | २०७३।१०।२२ दिनको ११ बजे | २०७३।१०।२२ दिनको १ बजे | |

**<u>द्रष्टब्य</u>**

परीक्षाको किसिमः लिखित, कम्प्यूटर सीप परीक्षण र अन्तरवार्ता

परीक्षा केन्द्र : पछि सूचना प्रकाशित गरिने

परीक्षा दस्तुरः सहायक स्तर पाचौ तहका लागि रु ४००।, सहायक स्तर चौथो तहका लागी रु ३००। समावेशीको लागि थप रु १००।

उमेदवारको उमेरको हदः दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भै ३५ वर्ष ननाघेको र महिला उमेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्ने छ ।

दरखास्त दिने अन्तिम मितिः २०७३/८/२७ गते सम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परे सो पछि कार्यालय खुलेको दिन) तथा थप दस्तुर तिरी थप ७ दिन भित्र

दरखास्त दस्तुर बुझाउने स्थानः गोदावरी नगरपालिका कार्यालय,गोदावरी

कमप्युटर सीप परीक्षण तथा अन्तरवार्ता हुने मितिः लिखित परीक्षाको नतिजा प्रकाशन हुदा प्रकाशित गरीने छ ।

पदमा रही काम गर्नु पर्ने बिवरणः सेवा, समुह सम्बन्धी

तलब नियमानुसार

**आबस्यक न्युनतम योग्यता:**

१. प्रशासन, सहायक स्तर पाचौ तह: स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२४ बमोजिम हुनेछ

(कार्य क्षमता बढुवा प्रयोजन)

१. सब इजिनियर सहायक स्तर पाचौ तहका : स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२४बमोजिम हुनेछ

(कार्य क्षमता बढुवा प्रयोजन)

३. प्रशासन, सहायक स्तर चौथो तह मान्यता प्राप्त शिक्षण सस्थाबाट एस.एल.सी वा सो सरह उत्तिर्ण

**द्रष्टब्य**

क दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा समुह सम्बन्धी ऐन, नियमानुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । गोदावरी नगरपालिकाको स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

ख स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१४ बमोजिम अयोग्य नभएको हुनुपर्ने ।

ग दोब्बर दस्तुरको म्यादलाई उमेर,शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यता प्रयोजनका लागी गणना गरिने छैन ।

घ तोकीएको म्याद भित्र दाखिला नभएको वा न्युनतम योग्यता नपुगेको वा तोकीएको अन्य बिवरण नखुलेको वा तोकीएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

ङ. लिखित परीक्षामा सहयोगी लेखक माग गर्ने उमेदवारले परीक्षा मिति भन्दा कम्तिमा सात दिन अगावै यस कार्यालयमा सम्पर्क राख्नु पर्ने छ । अन्यथा सहयागी लेखक उपलब्ध गराउन पदपुर्ति समिति बाध्य हुने छैन ।

च. लिखित परिक्षामा उत्तिर्ण हुने उम्मेदवारले अन्तरवार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता तथा अन्य आवश्यक कागजातको सक्कल र नक्कल पर्ति अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

छ. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरि सकेको हुनु पर्नेछ र शैक्षिक योग्यता प्रदान गर्ने निकाय, विश्वविद्यालयबाट प्राप्त हुने प्रमाण पत्र वा लब्धांक पत्र, ट्रान्सकिप्ट प्राप्त गरि सकेको हुनु पर्नेछ । विदेशी सस्थामा अध्ययन गरेका उमेदवारहरुले सम्बन्धित निकायबाट शैक्षिक प्रमाण पत्रको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ ।

ज. परीक्षामा कालो मसीमात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्ध गरिनेछ ।

झ. पाठ्यक्रम र दरखास्त फारम गोदावरी नगरपालिकाको वेबसाइट www.godawarimun.gov.np बाट समेत प्राप्त गर्न सकिने छ ।

**समावेशी समुहतर्फका उमेदवारहरुले पेश पर्नु पर्ने थप कागजातहरु**

क. आदिबासी /जनजातीका हकमा: नेपाल आदिबासी जनजाती उत्थान राष्ट्रिय प्रतिस्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचि अनुसार तर नेपाल आदिबासी जनजाती उत्थान राष्ट्रिय प्रतिस्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्त्रन्धीत स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाती भित्रको थर भनि प्रमाणीत गराएको कागजात ।

पदपूर्ति समिति